



**उत्तरगङ्गा नदी**



पुथा उत्तरगङ्गा गाउँपालिका

## आर्थिक वर्ष २०८२/०८३ को

# वार्षिक बजेट वक्तव्य

**पुथा उत्तरगङ्गा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

**तकसेरा, रुकुम (पूर्वी भाग)**

**लुम्बिनी प्रदेश, नेपाल**

**पेश मिति : २०८२।०३।१० गते**

पुथा उत्तरगङ्गा गाउँसभाका अध्यक्षज्यू,

गाउँसभाका सदस्यज्यूहरु,

राष्ट्रसेवक कर्मचारी, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरु र आम पुथा उत्तरगङ्गाबासी आमा बुवा, दाजु-भाई तथा दिदी-बहिनीहरु

१.यस गरिमामय सभा समक्ष बजेट तथा कार्यक्रम तर्जुमा समितिको संयोजकको हैसियतले पुथा उत्तरगङ्गा गाउँपालिकाको आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न उपस्थित भएको छु ।

२ यस अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्र नेपाल निर्माणका लागि नेपाली जनताले गरेको जनयुद्ध, जनआन्दोलन, सशस्त्र संघर्ष लाई सस्मरण गर्दै नेपालको सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता, स्वाभिमान, राष्ट्र हित, लोकतन्त्र र अग्रगामी परिवर्तनका लागि भएका विभिन्न आन्दोलनहरुमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरु प्रति उच्च सम्मान गर्दै भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । साथै, घाईते, अपाङ्ग, बेपत्ता योद्धाहरुको अतुलनीय योगदानको उच्च सम्मान व्यक्त गर्दछु ।

१. नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सोह्रौं आवधिक योजना, दिगो विकासका लक्ष्य एवं अन्तराष्ट्रिय प्रतिवद्धता, संघीय सरकारको नीति तथा कार्यक्रम, प्रदेश सरकारको नीति तथा कार्यक्रम, यस गाउँपालिकाको नीति तथा कार्यक्रम, आवधिक योजना तथा सभाका सदस्यज्यू र सरोकारवालाबाट प्राप्त सुझाबलाई मनन् गर्दै आर्थिक वर्ष २०८२।८३ को बजेट तर्जुमा गरेको छु ।

२. मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवम् चुनौतिलाई सम्बोधन गर्दै अर्थतन्त्रलाई गतिशील बनाउने, निजी क्षेत्रको मनोबल उच्च पार्ने र उच्च, दिगो एवम् फराकिलो आर्थिक वृद्दि सहितको सबल अर्थतन्त्र निर्माण गर्ने तर्फ आगामी आर्थिक वर्ष २०८२।०८३ को बजेट निर्देशित गरेको छु। आमजनताको विकास र समृद्धिको चाहनालाई सम्बोधन गर्ने तथा सीमान्तकृत एवम् पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई आर्थिक लाभको पहुँचमा पुऱ्याउने तर्फ बजेट लक्षित गरेको छु ।

३. आगामी बजेट समृद्धि, सुशासन र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ । प्रतिस्पर्धी क्षमता तथा तुलनात्मक लाभ उच्च भएका उत्कृष्ट कृषक, दक्ष र क्षमतावान युवाहरुलाई स्थानीय तहभित्रै आर्थिक गतिविधिमा आबद्ध हुन अभिप्रेरित गर्ने, अदक्ष र अर्ददक्ष युवाहरुलाई सिपमुल तालिमको व्यवस्था गरिनेछ । उद्यमशीलता विकास गरी गरिबी न्यूनीकरण गर्ने, सार्वजनिक सम्पत्तिको जगेर्ना गर्ने तथा स्थानीय स्रोत र साधनको प्रभावकारी एवम् परिणाममुखी परिचालन गर्ने दिशामा बजेट उन्मुख रहेको छ ।

४. नेपाल सरकारको **"समृद्ध नेपालः सुखी नेपाली"** हुने दीर्घकालीन सोच र राष्ट्रिय आकांक्षा एवम् लुम्बिनी प्रदेश सरकारको **"समृद्ध प्रदेशः खुसी जनता"** र दिगो विकासका लक्ष्यहरुको स्थानीयकरण गर्दै पुथा उत्तरगङ्गा गाउँपालिकाको **"समृद्ध पुथा उत्तरगङ्गा हाम्रो एकता; सुसंस्कृत र खुसी जनता"** हुने दीर्घकालीन सोच र स्थानीय जनताको विकासको चाहनालाई परिपूर्ति गर्न समग्र पुथा उत्तरगङ्गा गाउँपालिकाको सर्वाङ्गीन विकासको गर्न म सम्पूर्ण नीजि तथा सहकारी क्षेत्र एवम् राष्ट्रिय र अन्तर्राष्ट्रिय संघसंस्थाहरुलाई आह्वान गर्दछु ।

५. आधारभुत र गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको पहुँच, निशुल्क र गुणस्तरीय आधारभुत शिक्षा, कृषि तथा पशुजन्य उत्पादनमा आत्मनिर्भरता, सामाजिक न्याय तथा समानता सहितको समाज, विकासका आधारभुत आवश्यक्ताको परिपूर्ति, गुणस्तरीय शिक्षा, रोजगारी शिर्जना, पर्यटन प्रवर्द्धन, स्वच्छ र स्वस्थ

वातावरण एवम् संचार तथा उर्जामा नागरिकको पहुँच लगाएतका विषयहरु विषयहरुलाई प्राथमिकतामा राखेर आर्थिक वर्ष २०८२।०८३ को बजेट तयार गरिएको छ ।

**सभाध्यक्ष महोदय**

अब म यस गाउँपालिकाको विद्यमान आर्थिक स्थिति र चालु आर्थिक वर्षको बजेट कार्यान्वयनको समीक्षा र संशोधित अनुमान सङ्क्षेपमा प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

६. चालु आर्थिक वर्षमा संघीय सरकारबाट वित्तीस समानकिरण अनुदान वापत रु. १० करोड ११ लाख र राजश्व बाँडफाँटबाट रु. १० करोड ५४ लाख प्राप्त हुने लक्ष्य रहेकोमा ज्येष्ठ मसान्तसम्म वित्तीय समानिकरण अनुदान तर्फ ९ करोड २७ लाख ६९ हजार ३ सय ६० प्राप्त भएको छ भने राजश्व बाँडफाँट तर्फ रु. ८ करोड ४९ लाख ६६ हजार ८ सय १९ रुपैया मात्र प्राप्त भएको छ । यसैगरी संघीय सरकारबाट हस्तान्तरण हुने सशर्त अनुदानमा ३१ करोड ४२ लाख ९२ हजार अनुमान गरेकोमा हाल सम्म रु. ३० करोड १२ लाख मात्र प्राप्त भएको छ । संघिय समपूरक अनुदान तर्फ अनुमान गरेको बराबरकै रु १ करोड २० लाख प्राप्त भएको छ ।

७. यस्तै लुम्बिनी प्रदेश सरकारबाट वित्तीय समानिकरण अनुदान बापत रु. ६९ लाख ३९ हजार र राजश्व बाँडफाँट रु. ६४ लाख ५१ प्राप्त हुने अनुमान गरिएकोमा ज्येष्ठ मसान्तसम्म समानिकरण अनुदान तर्फ रु. ६९ लाख ३९ हजार रुपैंया प्राप्त भएको छ भने राजश्व बाँडफाँट तर्फ केही थप भई रु. ८२ लाख ५३ हजार ३ सय ४० रुपैंया प्राप्त भएको छ । साथै लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदानतर्फ रु ७० लाख अनुमान गरिएकोमा लक्ष अनुरुप नै प्राप्त भएको छ । यस्तै लुम्बिनी प्रदेशको विशेष अनुदानतर्फ २० लाख अनुमान गरिएकोमा अनुमान अनुसारकै प्राप्त भएको छ । लुम्बिनी प्रदेश सरकारबाट शसर्त अनुदान तर्फ ७० लाख अनुमान गरिएको जेष्ठ मसान्त सम्म ४६ लाख ९० हजार मात्र प्राप्त भएको छ।

८. यसैगरी गाउँपालिकाको आन्तरिक आम्दानीतर्फ आन्तरिक श्रोत र गत आवको मौज्दात गरी १ करोड प्राप्त हुने अनुमान गरिएकोमा ज्येष्ठ मसान्तसम्म रु. ८९ लाख ४६ हजार ४ सय रुपैंया मात्र अर्थात झण्डै ९० प्रतिशत रकम प्राप्त भएको छ ।

९. यसरी समग्रमा चालु आर्थिक वर्ष २०८१/०८२ को जेठ मसान्तसम्ममा लक्ष्य अनुसारको कुल बजेट रकम रु. ५७ करोड २६ लाख ८२ हजार ४ सय मध्ये रु ५२ करोड ८७ लाख ६४ हजार ९ सय १९ रुपैंया मात्र आम्दानी भएकोमा चालुतर्फ रु. २७ करोड ४० लाख ४६ हजार ८ सय ५४ रुपैंया अर्थात ७१.०४ प्रतिशत खर्च भएको छ भने पूँजीगत तर्फ रु १० करोड ९ लाख ४२ हजार ८ सय २ रुपैंया अर्थात ५४ प्रतिशत खर्च भएको छ । यसरी समग्रमा हेर्दा जेष्ठ मसान्त सम्म कुल खर्च ६५.४७ प्रतिशत रहेको छ भने गत आ.व.को खर्च अनुमान गर्दा चालु आ.व. को असार मसान्त सम्म ९० प्रतिशत कुल खर्च हुने अनुमान गरिएको छ।

**सभाध्यक्ष महोदय**

१०. मैले पुथा उत्तरगङ्गा गाउँपालिकामा सर्वाङ्गीन क्षेत्रको समानुपातिक विकास मार्फत जनताको जिवनस्तर सुधार गर्न हाम्रो सामु रहेका मुख्य चुनौतीहरुलाई यस प्रकार पेश गरेकोछु।

- भौगोलिक बनावट धेरै नै ठूलो साथै संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान एवम् गाउँपालिकाको आन्तरिक राजश्वको आकार सानो हुनु । आधी भन्दा बढी वडाहरुमा सडक संजालको पहुँच नहुनु ।
- भौगोलिक विकतता र निर्माण व्यवसायीको लाप्रबाहीका कारणले गाउँपालिकाको बजेट पूर्ण रुपमा कार्यानव्यन हुन नसक्नु ।
- दक्ष युवाहरुलाई वैदेशिक रोजगारमा जानबाट रोकि गाउँमै दक्षताको उपयोग गर्न ।
- बालविवाह, बहुविवाह. जातीय तथा लैङ्गिक भेदभाव तथा अन्य विभेदहरुको अन्त्य गर्न ।
- गाउँपालिकाका हरेक क्षेत्रहरुमा इन्टरनेट र फोन सेवा विस्तार गर्न ।

११. माथि उल्लेखित थुप्रै चुनौती लाई अवसरको रुपमा मनन् गर्दै विभिन्न विकास निर्माणका कार्यहरुमा सरकारी, निजी, सहकारी को साझेदारीमा लगानी विस्तार गरी उत्पादन, उत्पादकत्व र रोजगारीका अवसर बढाई आर्थिक तथा सामाजिक पूर्वाधार विस्तार गरी "**समृद्ध पुथा उत्तरगङ्गा हाम्रो एकता; सुसंस्कृत र खुसी जनता**" को दीर्घकालिन सोच साकार पार्न आगामी आर्थिक वर्ष २०८२।०८३ को लागि बजेटका उद्देश्य देहाय बमोजिम रहेका छनः

- अर्थतन्त्रलाई गतिशील बनाई फराकिलो, दिगो र समावेशी आर्थिक वृद्धि हासिल गरी समष्टिगत आर्थिक स्थायित्व कायम गर्ने,
- कृषिको आधुनिकिकरण, यन्त्रिकरण, विविधिकरण र व्यावसायीकरणका माध्यमबाट उत्पादन र उत्पादकत्व वृद्धि गर्ने,
- कृषि र पशु क्षेत्रको विकास एवम् विस्तार र स्थानीय रैथाने बालीको प्रवर्द्धन एवम् बजारीकरण गर्ने,
- शिक्षा र स्वास्थ्यलाई उच्च प्राथमिकता दिई आम नागरिकको पहँच वृद्धि गर्दै गुणस्तरीय सामाजिक विकास, सुरक्षा र न्याय प्रत्याभुत गर्ने,
- लगानी मैत्री वातावरण सृजना गरी निजी क्षेत्रको मनोबल उच्च पार्ने र आय तथा रोजगारीका अवसर सिर्जना गरी गरिबी न्यूनीकरण गर्ने,
- बजेट प्रणालीमा सुधार गरी सार्वजनिक खर्चको प्रभावकारीता अभिवृद्धि गर्ने,
- गुणस्तरीय शिक्षा एवम् स्वास्थ्यको पहुँचको प्रत्याभूति गराउने,
- घरेलु तथा साना उद्योग एवम् सहकारी प्रवद्धन गर्ने,
- पर्यटकीय क्षेत्रहरुको विकास गरी पर्यटन प्रवर्द्धन गर्ने
- वातावरणीय पर्यावरण, जडिबुटी तथा वन्यजन्तु संरक्षण एवम् विपद् व्यवस्थापन गर्ने,
- लैङ्गिक समानता कायम गर्ने,
- पुथा उत्तरगङ्गा गाउँपालिकाको भाषा तथा संस्कृतिको जगेर्ना गर्ने,
- यस गाउँपालिकाका नागरिकलाई सूचना प्रविधि क्षेत्रको पहुँचमा पुऱ्याउने,
- सार्वजनिक सेवा प्रवाहको सवलीकरण र सुशासन कायम गर्नु
- युवाहरुलाई सिप मुलक तालिम प्रदान गरी रोजगारी सिर्जना गर्ने

**सभा अध्यक्ष महोदय,**

१२. **माथि उल्लेखित उद्देश्य हासिल गर्नका लागि आर्थिक वर्ष २०८२।०८३ को बजेटका प्राथमिकताहरु देहाय बमोजिम निर्धारण गरिएको छ ।**

- आर्थिक सुधार गतिबिदीमा निजी क्षेत्रलाई प्रोत्साहन,
- कृषि, उद्योग, वाणिज्य, सम्बन्धी नीतिहरुमा आवश्यकता अनुसार संसोधन
- श्रम, रोजगार, सहकारी, उर्जा र पर्यटन क्षेत्रको विकास,
- कृषिक्षेत्रमा लगानी, स्थानीय रैथाने बाली तथा फलफुलहरुको हरूको बजारीकरण,
- गुणस्तरीयमा शिक्षा जोड, निःशुल्क तथा सर्वसुलभ स्वास्थ्य र समाजिक संरक्षण र सुरक्षा
- गुणस्तरीय भौतिक पूर्वाधार निर्माण,
- गुणस्तरीय सडक, पुल एवम् सिँचाई कुलोको निर्माण एवम् विस्तार,
- स्वच्छ खानेपानी तथा सरसफाईको विकास,
- फोहोरमैला व्यवस्थापन,
- राजश्व चुहावट प्रणालीमा सुधार,
- वन, वातावरण तथा वन्यजन्तु एवम् बहुमुल्य जडिबुटीको संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन र विपद् व्यवस्थापन,
- सुशासन तथा मानव संशाधन लगायत संस्थागत विकास र रोजगारी सिर्जना,
- वित्तीय सङ्घीयताको सुदृढीकरण एवम् सार्वजनिक वित्त प्रणालीमा सुधार र सेवा प्रवाहमा सुधार सम्बन्धी नीतिहरू,
- सूचना प्रविधि र सञ्चारको विकास एवम् विस्तार,
- खाद्य सुरक्षा एवम् पोषणमैत्री गाउँपालिका निर्माण,
- स्थानीय स्रोत साधनको जगेर्ना र भरपुर प्रयोग

**सभा अध्यक्ष महोदय,**

अब म यिनै चुनौती, उद्देश्य र प्राथमिकताको सेरोफेरोमा रहेर तयार पारिएको आगामी आर्थिक वर्ष २०८२।०८३ को व्ययको अनुमान यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

१३. नेपाल सरकार तथा लुम्बिनी प्रदेश सरकारबाट प्राप्त समानिकरण अनुदान, राजस्व बाँडफाँडबाट प्राप्त हुने रकमलाई अनिवार्य दायित्व, क्रमागत आयोजना, पालिकास्तरीय आयोजना र बस्तीस्तरबाट माग भएका वडास्तरीय आयोजनाहरुमा आवश्यक बजेट विनियोजन गरेको छु ।

१४. नेपाल सरकार र लुम्बिनी प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदानबाट प्राप्त आयोजना तथा कार्यक्रमहरु छनोट गर्दा माग र आवश्यकतालाई प्राथमिकतामा राखी तोकिएको मार्गदर्शनको अधिनमा रही समयमै खर्च गर्ने व्यवस्था मिलाएको छु ।

<u>कृषि तथा पशुपालन :</u>

१५. **"कृषि जीवनको आधार"** भन्ने कुरालाई स्मरण गर्दै पुथा उत्तरगङ्गा गाउँपालिकाका ८० प्रतिशत भन्दा धेरै नागरिकको मुख्य पेशाको रुपमा रहेको कृषि क्षेत्रलाई निर्वाहमुखीबाट आधुनिक एवम् व्यवसायिक

बनाउँदै उत्पादित कृषि उपजहरुको बजारिकरणको माध्यमबाट आम नागरिकको आर्थिक स्थिति सबल बनाउन समग्र कृषि क्षेत्रमा रु १ करोड २० लाख बजेट विनियोजन गरेको छ।

१६. **अति विपन्न परिवारको आयआर्जनमा सुधार गर्नका लागि अति विपन्न नागरिकका लागि कृषिमा आधारित आयआर्जन कार्यक्रम** सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेको छ।

१७. पुथा उत्तरगङ्गा गाउँपालिका ओखर, स्याउ, आलु, सुन्तला, किवी, कागती तथा टिमुर लगाएतका फलफुल खेतिमा सम्भावना बोकेको क्षेत्र भएकोले फलफुल उत्पादन र प्रवर्द्धन गर्नका लागिफल **फुल क्षेत्र विस्तार कार्यक्रमलाई निरन्तरताका दिनका लागि रु १४ लाख विनियोजन** गरेको छ ।

१८. संघिय सरकारबाट प्राप्त सशर्त अनुदान कार्यक्रम अन्तर्गत गाउँपालिका भित्र रहेका कृषि तथा पशुपन्छीपालन कृषकलाई किसान सुचिकरणमा जोडिने छ र गाउँपालिका भित्र रहेका कृषि,मत्स्यर पशुपन्छिहरुको यकिन तथ्याङ्क व्यवस्थापन र संकलनको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

१९. विभिन्न कृषि उपजहरुको उत्पादन बढाउन कृषकहरुलाई तरकारीको उन्नत तथा हाइब्रिड बिँउ वितरण गर्न आवश्यक बजेट विनियोजन गरेको छ । यसैगरी बेमौसमी तरकारी खेती प्रवर्द्धन गर्न नमुनाको रुपमा गाउँपालिकाका व्यावसायिक कृषकहरुलाई तरकारी उत्पादनमा सहयोग पुर्याउन **प्लाष्टिक टनेल कार्यक्रमको लागि रु ५ लाख** बजेट विनियोजन गरेको छ ।

२०. पुथा उत्तरगङ्गा गाउँपालिका भित्रका कृषकहरुलाई ज्ञान सिप बृद्धिको लागि मागको आधारमा वडा स्तरिय घूम्ति शिविर, कृषि तालिमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२१. गाउँपालिका अन्तर्गतका कृषकहरुलाई सक्रिय बनाउन **वडा अध्यक्षसँग कृषक कार्यक्रमको** लागि आवश्यक बजेट विनियोज

२२. गाउँपालिका भित्र उत्पादन हुने फलफुल स्याउ सुन्तलालाई स्तोर गरी बेमौसमी समयमा खपट गरी उचित मुल्य प्रधान गर्ने उद्देश्यले कोल चेम्बर स्थापनाको लागि रु २५ लाख बिनियोजन गरेको छ ।

२३. गाउँपालिकामा उत्पादन हुने स्याउ सुन्तलालाई बजार सम्म पुर्याउने उद्देश्यले किसानलाई उत्पादनमा आधारित ढुवानी सेवा दिन आवश्यक बजेट विनियोजन गरेको छ ।

२४. स्याउ सुन्तला लगायतका बगैंचा भित्र जडिबुट्टी खेती गर्न बिउँ वितरणका लागि बजेट विनियोजन गरेको छ ।

२५. गाउँपालिकाको मुख्य खाद्यान्न बालीको रुपमा रहेको मकै खेतीलाई उत्पादनमा वृद्धि गर्ने उद्देश्यले उन्नत जातको मकै विउ उत्पादन गर्न रु ५ लाख बजेट विनियोजन गरेको छ ।

२६. गाउँपालिका भित्र आलु उत्पादनलाई वृद्धि गर्न संघिय सरकारबाट प्राप्त शसर्त अनुदान कार्यक्रमबाट संन्चालन हुने गरी आलु पकेट क्षेत्र कार्यक्रम सञ्चालन गर्न रु १२ लाख ५० हजार बजेट विनियोजन भएको छ ।

२७. पशुपंक्षीमा लाग्ने रोगहरुबाट पशुजन्य उत्पादनको गुणस्तर र परिमाणमा ह्रास आउन नदिन पर्याप्त औषधिको प्रबन्ध गर्ने व्यवस्था मिलाएको छ । पशुपन्छीहरुमा फैलिने महामारी रोग नियन्त्रण तथा विभिन्न खोपहरुको लागि आवश्यक बजेटको व्यवस्था गरेको छ ।

२८. गाउँपालिकाका १४ वटै वडाहरुमा पशुपंन्छीपालक कृषकहरुको लागि आवश्यक तालिमको ब्यवस्था गरेको छ

२९. संघिय सरकारबाट प्राप्त शसर्त अनुदान कार्यक्रमबाट संन्चालन हुने गरी बाख्राको पकेट क्षेत्र स्थापनाको लागि बाख्रा पकेट विकास कार्यक्रम संन्चालन गर्न रु ७ लाख ५० हजार बजेट विनियोजन भएको छ ।

३०. भेडा पालन किसानलाई प्रोत्साहन गर्न गोठालो कुरुवा घर निर्माणको लागि आवश्य बजेट विनियोज गरेको छु ।

३१. आयाती कुखुराहरुलाई प्रतिस्थापन गरी स्थानीय **कुखुरा पालन कार्यक्रम** सञ्चालन गर्न रु ५ लाख बजेट विनियोजन गरेको छु ।

३२. गाउँपालिका पशु शाखामा आधारभुत प्रयोगशाला स्थापना गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

**सभा अध्यक्ष महोदय**

**<u>रोजगार</u> :**

३३. प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत आयोजनाहरु संचालन गरी रोजगारी अभिवृद्धि गर्न संघीय सरकारबाट हस्ताण्तरित सशर्त अनुदानबाट प्राप्त रु ३६ लाख बजेटमा गाउँपालिकाबाट शतप्रतिशत बजेट साझेदारी गरी समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

३४. गाउँपालिकाका बेरोजगार युवाहरुलाई सिपमुलक तालिमहरुको व्यवस्था गरी रोजगार बनाउन विभिन्न गैरसरकारी संस्थाहरुसँग साझेदारी गरी आवश्यक कार्यक्रमहरु संचालन गर्ने व्यवस्था मिलाएको छु ।

३५. गाउँपालिकामा रहेका युवाहरुका लागि निःशुल्क लोक सेवा कक्षा, शिक्षक सेवा कक्षा, कम्प्युटर कक्षा सञ्चालनका लागि आवश्यक बजेट विनियोजन गरेको छु

**पर्यटन :**

३६. पर्यटनको प्रचुर सम्भावना बोकेका क्षेत्रहरुलाई आवश्यक प्रचार प्रसार गर्न नसक्दा सधै ओझेलमा परिरहेका छन त्यसैले पर्यटन डकुमेन्त्री निर्माण गरी प्रचार प्रसार गर्न र पर्यटकलाई सहजता दिन पर्यटन डकुमेन्त्री निर्माण र सिग्लनबोर्डहरु राख्ने व्यवस्था मिलाएको छु । साथै वडा नं. १२ क्यूबाङमा निर्माणाधीन स्मारिकाको लागि रु १० लाख बजेट विनियोजन गरेकोछु ।

३७. गाउँपालिका भित्र साँस्कृतिक पर्यटन भित्र्याउन साँस्कृती महोत्सव सञ्चालन गर्न आवश्यक बजेट विनियोज गरेकोछु ।

३८. स्थानीय कला संस्कृति, भेषभूषा, भाषा र परम्परालाई झल्काउने गरी निकट भविष्य सम्म यसको अस्तित्व कायम राखी आन्तरिक तथा बाह्य पर्यटकको आकर्षणको क्षेत्र बनाउनका लागि आवश्यक पहल गरिने छ ।

३९. पर्यटन प्रबर्द्धन सँगसँगै साँकृतिक सम्पदाको संरक्षण गर्नका लागि तक गाउँलाई **तकसेरा ऐतिहासि जीवित साँकृतिक सङ्ग्रालय** र मैकोट गाउँ लाई **सहिद स्मृती साँस्कृतिक सङ्ग्रालयको** रुपमा विकास गर्नका लागि संघीय र प्रदेश सरकारसँग पहल गरी आवश्यक बजेट व्यवस्था गरिएको छ ।

<u>उद्यमशिलता विकास कार्यक्रम</u>:

४०. पुथा उत्तरगङ्गा गाउँपालिकाका विभिन्न वडाहरुमा नागरिकहरुलाई सीप विकास तालिम मार्फत उद्यमी बनाउँने लक्ष्य अनुरुप लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका बमोजिम नयाँ उद्यम संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

<u>शिक्षा,युवा तथा खेलकुद</u>:

४१. पुथा उत्तरगङ्गा गाउँपालिकाको शैक्षिक क्षेत्रमा सुधार गर्दै पठन पाठनमा सुधार गर्नका लागि मर्जर तथा तह घटुवा हुले विद्यालयका लागि प्रोत्साहन स्वरुप भौतिक पूर्वाधार निर्माण, आन्तरिक व्यवस्थापना प्रणालीमा सुधार गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

४२. विद्यार्थी मैत्री शैक्षिक पूर्वाधार, आधुनिक प्रविधिको उच्चतम प्रयोग, दक्ष र योग्य शैक्षिक जनशक्ति तथा अनुशासन र स्वमूल्यांकनको माध्यमबाट शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र पहुँचयोग्य बनाउन **अध्यक्षसँग विद्यालय कार्यक्रम सञ्चालनका** लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

४३. पुथा उत्तरगङ्गा गाउँपालिकाको स्थानीय वस्तुस्थितिलाई समेटेर स्थानीय पाठ्यक्रम (**मगर खाम मातृ भाषा**) निर्माण गर्न रु ५ लाख विनियोजन गरेको छु। यसैगरी निरन्तर विद्यार्थी मूल्यांकन एवम् शैक्षिक क्यालेण्डर प्रकाशन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

४४. गाउँपालिका मातहतका विद्यालयहरुमा पठन पाठन कार्यलाई प्रभावकारी बनाउने उद्देश्यले स्वंयमसेवक करार शिक्षकहरुलाई प्रोत्साहन स्वरुप पोसाक सुविधा दिन आवश्यक बजेटको व्यवस्था गरेकोछु । साथै सामुदायिक विद्यालयहरुमा किशोरीहरुलाई निशुल्क स्यानिटरी प्याडको व्यवस्था गर्न आजश्यक बजेट विनियोजन गरेको छु ।

४५. विद्यालय तहबाट खेलकुद प्रतिभाहरुको पहिचान गरी प्रोत्साहन गर्न राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्न गाउँपालिका स्तरीयको लागि रु ८ लाख र जिल्ला स्तरीयको लागि रु ५ लाख बजेट विनियोजन गरेको छु ।

४६. विद्यार्थीहरुलाई विद्यालयमा टिकाइ राख्न एवम् बालबालिकाको स्वास्थ्यलाई जंक फुडहरुको प्रभावमा पर्न नदिन दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न दिवा खाजा अनुदानको लागी रु. १ करोड लाख ३ लाख बजेट विनियोजन गरेको छु ।

४७. गाउँपालिकाको प्रा.वि. स्तरका विद्यालयहरुमा अति आवश्यक संरचना निर्माणका लागि बजेट विनियोजन गरेकोछु।

<u>स्वास्थ्य</u> :

४८. गाउँपालिकाको समग्र स्वास्थ्य क्षेत्रमा सुधारको निम्ति संघीय सरकार र गाउँपालिका सरकार बाट एकमुष्ट रु ३ करोड ८४ लाख बजेट विनियोजन भएको छ ।

४९. पुथा उत्तरगङ्गा गाउँपालिकाका सबै नागरिकको पहुँचमा गुणस्तरीय, सर्वसुलभ र आधारभुत स्वास्थ्य सेवा पुर्याउनुका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५०. पुथा उत्तरगङ्गा गाउँपालिकाको गर्भवती महिलासंग उपाध्यक्ष कार्यक्रमलाई निरन्तरता दिदै हजार दिनका आमाहरुको पोषण सुधारका लागि पोषण झोला र सरसफाई किट व्यवस्थापन गर्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।

५१. सुनौला हजार दिनका आमाहरुलाई पर्याप्त पोषिलो खानेकुरा र पोषण सम्बन्धी परामर्शको व्यवस्था गरिनेछ । जसको लागि बहुक्षेत्रीय पोषण कार्यक्रम अन्तर्गत आगामी आर्थिक बर्षमा कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु।

५२. संघीय सशर्त अनुदानबाट अनुदान प्राप्त प्रजनन स्वास्थ्य तथा किशोरी सम्बन्धी कार्यक्रम, महामारी रोग नियन्त्रण कार्यक्रम, क्षयरोग नियन्त्रण कार्यक्रम, परिवार कल्याण कार्यक्रम, स्वास्थ्य व्यवस्थापन कार्यक्रम तथा उपचारात्मक सेवा कार्यक्रमलाई तोकिएको मार्गदर्शन बमोजिम समयमै कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

५३. पुथा उत्तरगङ्गा गाउँपालिकाका नागरिकहरुलाई गुणस्तरीय र प्रभावकारी औषधि एवम् औषधिजन्य मालसामानहरुको पर्याप्त व्यवस्था गरिनेछ । आव २०८२।०८३ मा औषधि तथा औषधिजन्य मालसामानहरु खरिद गर्न संघीय सरकारको सशर्त अनुदानबाट लागत व्यहोर्ने गरी रु १० लाख ३५ हजार र गाउँपालिका श्रोतबाट रु ३५ लाख विनियोजन गरी कुल जम्मा ४५ लाख ३५ हजार बजेट विनियोजन गरेको छु ।

<u>खानेपानी तथा सरसफाई</u>:

५४. पुथा उत्तरगङ्गा बासीलाई शुद्ध र सुरक्षीत खानेपानी उपलब्ध गराउन खानेपानीका संरचनाहरुको मर्मत सम्भार एवम् निर्माणलाई जोड दिइनेछ । **स्थानीय सहयोग पूर्वाधार कार्यक्रम (LISP)** सँगको साझेदारीमा बिभिन्न बस्तीहरुमा खानेपानीका योजना निर्माणका लागि आवश्यक बजेट विनियोजन गरेकोछु ।

<u>कला र संस्कृति</u> :

५५. पुथा उत्तरगंगा गाउँपालिका आदिवासी जनजाति मगर समुदायको मौलिक रितिथिति र सँस्कृतिले सुसज्जित भएको ठाउँ हो । यहाँका आदिबासी जनजातिहरुका पर्वहरु भूमे तथा माघे संक्रान्तिको संरक्षण र सम्बर्द्धन गर्न एवम् स्थानीय भाषाको प्रवर्द्धन गर्न आवश्यक बजेट विनियोजन गरेको छु

<u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण</u> :

५६. पुथा उत्तरगङ्गा गाउँपालिकामा महिला, वालवालिका, दलित, जेष्ट नागरिक, अपाङ्ग, किशोरीहरुमा हुने विभेदको अन्त्य गरी शसक्तिकरण गर्न सचेतना कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक बजेटको ब्यवस्था गरेको छु ।

५७. आ.व. २०८२।०८३ मा महिला, बालबालिका, दलित, ज्येष्ठ नागरिक, अपांग तथा आदिवासी जनजाति लक्षित कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

५८. अन्तर्राष्ट्रिय नारी दिवसको अवसरमा विभिन्न प्रकारका कार्यक्रमहरु गर्न, मानसिक रोग लागेका बिरामीहरुलाई निशुल्क परामर्स सेवा र औषधिको व्यवस्था गर्न, बालविवाह न्युनिकरण गर्दै उत्कृष्ट समाज निर्माणको कार्यलाई प्रभावकारी बनाउन आवश्यक बजेट विनियोजन गरेको छु ।

५९. गाउँपालिकाको न्यायिक समितिबाट अधिकार क्षेत्रभित्र पर्ने विवादहरुको निरुपणमा सहजीकरण न्यायिक इजलास निर्माण गरिनेछ भने प्रत्येक वडाहरुमा गठित मेलमिलाप समितिहरुलाई पुनर्ताजगी तालिमको व्यवस्था गर्‌्न आवश्यक बजेटको व्यवस्था गरेकोछु । दलित समुदायको लागि सीपमुलक तालिम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

६०. महिलाहरुको नेतृत्व विकास गर्न उपाध्यक्षसँग महिला कार्यक्रम सञ्चालको लागि रु ५ लाख बजेट विनियोजन गरेकोछु । साथै दलित, एकल महिला, घाइते अपाङ्गा सहिद परिवार लक्षित कार्यक्रम सञ्चालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

६१. स्वर्गीय पूर्व उपाध्यक्ष भुपेन्द्रा बुढा मगरले थालनी गरेको महिला पाठ्यघर क्यानसर उपचार कार्यक्रमलाई निरन्त्रता दिन रु ५ लाख बजेट विनियोजन गरेकोछु । साथै उपाध्यक्ष सँग चेली कार्यक्रम, सुत्केरी आमासँग करेसाबारी तथा भान्सा घर सुधार कार्यक्रम, सञ्चालन गर्नका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।

<u>सडक,पुल तथा सिँचाई</u>

६२. गाउँपालिकाको १ नं. वडा सम्म पुग्ने हुकाम मैकोट सडक खण्डको सानोभेरी नदिमा टि गडर बिलिब्रिज पुल निर्माणको लागि रु ९० लाख बजेट विनियोन गरेकोछु । साथै तकसेरा जोड्ने उत्तरगङ्गा नदिमा टि गडर बिलिब्रिज पुल निर्माणको लागि रु १ करोड १० लाख बजेट विनियोजन गरेकोछु ।

६३. नेपाल सरकारको समपुरक अनुदान तर्फ र गाउँपालिकाको श्रोत साझेदारीमा खर्च व्यहोरिने गरी हुकाम काजरजङ्ग पेल्मा सडक निर्माण गर्न रु. २ करोड ४० लाख बजेट विनियोजन गरेको छु । साथै संघीय सम्पुरक अन्तर्गतको श्रीत र गाउँपालिकाको साझेदारीमा डिमुरगैरा हालबाङमा जोड्ने नदिमा टि गडर बेलिब्रिज पुल निर्माण गर्न रु १ करोड १० लाख बजेट विनियोजन गरेकोछु ।

६४. पुथा उत्तरगङ्गा गाउँपालिकाको अधिकांश गाउँपालिकाको वडा केन्द्रसम्म सडक पूर्वाधारको पहुँचमा नपुगेका वडाहरुमा आगामी आर्थिक वर्षभित्र सङ्घीय र प्रदेश सरकारको सहयोग र यस गाउँपालिकाको विशेष पहलमा सडक सञ्जालसँग जोड्नको लागि बजेट विनियोजन गरेकोछु ।

६५. लुम्बिनी प्रदेश सरकारको समपुरक अनुदान र गाउँपालिकाको श्रोतबाट साझेदारीमा खर्च व्यहोरिने गरी वडा नं. ३ को कार्यालय भवन निर्माणको लागि रु. ९० लाख बजेट विनियोजन गरेकोछु ।

६६. **स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)** सँगको लागत साझेदारीमा डिमुगैरा रिआउते दह सडक स्तरोन्तीको लागि रु ७५ लाख बजेट विनियोजन गरेकोछु । यस्तै **LISP** सँगकै साझेदारीमा ओख्मा त्रिवेणी सडक, कोल बालुवा पदमी सडक, पदमी सम्जेदाडाँ सडक, कोल त्रिवेणी सडक, राङ्सी पानीचौर सडक, तुँपा ताँतु सडक लगायतका सडकहरु स्तरोन्तीका लागि रु १ करोड बजेट विनियोजन गरेकोछु ।

६७. गाउँपालिका अन्तर्गत कोल दलित वस्ति हुदै सिद्ध ठान सडक निर्माणमा रु २५ लाख, निङ्गारु फल्नै गर्खानी सडक निर्माणमा रु २५ लाख, गर रिसल्ला सडक निर्माणमा रु ३० लाख, गराली चुमा सडक निर्माणमा रु १५ लाख, पिपलटुङ जारजबाङ सडकमा निर्माणमा रु १० लाख, फुलबाङ डाफ्ला सडक निर्माणमा रु १५ लाख,त्रिवेणी सम्जेदाडा सडक निर्माणमा रु १० लाख बजेट विनियोज गरेकोछु ।

६८. यस गाउँपालिकाका दुरदराजहरुमा जनताको आवतजावतमा सहजीकरण गर्न झोलुंगे पुल निर्माणको कार्य तीव्र रुपमा अगाडि बढाउने व्यवस्था मिलाएकोछु ।

**सभा अध्यक्ष महोदय**

**अब म भवन तथा शहरी विकास तर्फको कार्यक्रमकहरु प्रस्तुत गर्दछु ।**

**<u>भवन तथा शहरी विकास :</u>**

६९. यस गाउँपालिकाको निर्माणाधिन प्रशासनिक भवनको कार्य सम्पन्न गर्नका लागि रु १ करोड ६० लाख बजेट विनियोजन गरेकोछु र बाँकी आवश्यक बजेट विनियोजन गर्न संघिय सरकारसंग विशेष पहल गरिने छ ।

७०. पुथा उत्तरगङ्गा गाउँपालिकामा रहेका विभिन्न स्वास्थ्य संस्थाहरुको स्तरोन्नति गर्दै सेवाहरु विस्तार गर्नु हाम्रो मुख्य प्राथमिकता हो । गाउँपालिकाको केन्द्रमा निर्माणाधिन १५ शैया सम्पन्न गर्न संघीय सरकार सशर्त अनुदानबाट खर्च व्यहोर्ने गरी रु ४ करोड ५० लाख र गाउँपालिकाबाट व्यहोर्ने गरी रु २ करोड ६० लाख बजेट विनियोजन गरेको छु ।

७१. गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको गुणस्तर सुधारका लागि संघिय सरकारबाट प्राप्त सशर्त अनुदान बापतको रकमबाट खर्च व्यहोर्ने गरी देउराली मावि हुकाममा विद्यालय भवन निर्माण गर्न रु १ करोड ३० लाख बजेट विनियोजन गरेको छु । साथै जिर्ण अवस्थामा रहेका विद्यालय भवनहरु मर्मत तथा संभारको लागि आवश्यक बजेटको व्यवस्था गरेकोछु ।

<u>लघु तथा साना जलविद्युत एवम् वैकल्पिक उर्जा :</u>

७२. **स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP)** सँगको साझेदारीमा गाउँपालिकाको विभिन्न स्थानहरुमा रहेका लघु तथा साना जलविद्युतहरुको मर्मत सम्भार तथा स्तरोन्नति गर्न आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।

<u>वन,वातावरण तथा विपद व्यवस्थापन</u>

७३. विभिन्न मानवीय तथा प्राकृतिक कारणहरुले वन जंगलहरुमा हुने क्षति तथा ह्रासहरु नियन्त्रण गर्न पहल गरिनेछ । बाढि, पहिरो तथा भूं-क्षयको कारण जोखिममा रहेका क्षेत्रहरुमा ग्याबिन जाली लगाउने तथा भिराला खाली जमिनहरुमा वृक्षारोपण गरिनेछ । आर्थिक वर्ष २०८२/०८३ मा विपद व्यवस्थापन तथा प्रकोप व्यवस्थापन कोष स्थापनाको लागि रु.२० लाख बजेट विनियोजन गरेको छु ।

७४. अव्यवस्थित सडक पूर्वाधारको कारण पछिल्लो समय बाढि तथा पहिरोको जोखिम बढिरहेको छ । यस्ता जोखिमहरु न्युनीकरण गर्न अव्यवस्थित सडक पूर्वाधार निर्माण गर्ने कार्यलाई निरुत्साहित गर्दै लगिनेछ । वर्षा याममा सडक मर्मत तथा सम्भार गर्नका लागि रु. ५० लाख बजेट विनियोजन गरेको छु ।

**सभा अध्यक्ष महोदय**

<u>सुशासन तथा संस्थागत विकास :</u>

७५. पुथा उत्तरगङ्गा गाउँपालिकामा दरबन्दी अनुसार कर्मचारीको पदपूर्ति हुन नसक्दा गाउँपालिका र अन्तर्गत निकायबाट उपलब्ध हुने सेवाहरु सेवाग्राहीमैत्री र गुणस्तरीय रुपमा प्रवाह हुन नसकेको अवस्थालाई स्मरण गर्दै उपलब्ध जनशक्तिलाई उच्च मनोवलका साथ आफ्नो योग्यता र क्षमता भरपुर सदुपयोग गर्न क्षमता विकासका तालिमको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु । साथै करार सेवा मार्फत गाउँपालिका र अन्तर्गत कार्यालयमा काम गरिरहेका कर्मचारीलाई प्रोत्साहन स्वरुप पोसाक भत्ताको लागि बजेट विनियोजन गरेको छु ।

७६. गाउँपालिका अन्तर्गतका सबै करार कर्मचारीको मनोबल वृद्धी गराई सेवा प्रभाहमा सुधार गर्न साविक तलबमा वडा सहायक सचिव सरह काम गर्नेलाई रु ३ हजार र अन्यलाई रु २ हजार रकम वृद्धि गरेको छु ।

७७. कुनैपनि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्थाहरुले गाउँपालिकाको क्षेत्रभित्र कार्यक्रमहरु संचालन गर्नुपूर्व गाउँपालिकाको अनिवार्य स्वीकृति लिनुपर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ । त्यस्ता निकायका बजेट तथा कार्यक्रमहरुलाई गाउँपालिकाको बजेट तथा कार्यक्रमसँग दोहोरिन नदिन वार्षिक रातो किताबमा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

७८. गाउँपालिकाको सार्वजनिक सेवा प्रवाह एवम् विकास निर्माणको कार्यलाई प्रभावकारी बनाउन आगामी आर्थिक वर्षमा आन्तरिक नियन्त्रण प्रणाली, राजश्व सुधार योजना तथा क्षमता विकास योजना तयार गरी कार्यान्वयन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

७९. गाउँपालिका अन्तर्गतका विद्यालय तथा कार्यालयबाट प्रवाह हुने सेवालाई थप व्यवस्थित गर्नका लागि डिजिटल हाजिरी जडान गर्न आवश्यक बजेटको व्यवस्था गरेको छु ।

८०. गाउँपालिकाको राजश्व सुधार गर्न, सामाजिक विकृतीमा न्युनिकरण गर्न, गाउँपालिकाको नीति तथा कार्यक्रमहरु कार्यन्वयन गर्न र शान्ति सुरक्षा कायम गर्न नगर प्रहरी सञ्चालन तथा व्यवस्थापन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु ।

**सभाध्यक्ष महोदय**

८१. आर्थिक वर्ष २०८२।०८३ को बजेटको विनियोजन र स्रोतको व्यवस्था देहाय बमोजिम रहेको छन ।

आर्थिक वर्ष २०८२।०८३ का लागि रु ६६ करोड ८८ लाख ५५ हजार ५ सय ६७ बजेट विनियोजन गरिएको छ । कुल विनियोजित बजेट मध्ये चालु तर्फ रु. ३६ करोड ८० लाख ८० हजार २ सय ७२ रुपैयाँ (५५.०३ प्रतिशत) र पूँजीगत तर्फ रु ३० करोड ०७ लाख ७५ हजार २ सय ९५ रुपैयाँ रुपैंया (४४.९७ प्रतिशत) विनियोजन भएको छ ।

८२. कुल विनियोजन मध्ये आन्तरिक राजश्व रु ८० लाख चालु आवमा विभिन्न योजनाहरु कार्यान्वयन नभई संचित कोषमा मौज्दात हुने रकम रु ११४७९६८०।, लगानी फिर्ताबाट ३ करोड ५० लाख, संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँटबाट रु. १२ करोड ५४ लाख १२ हजार यसैगरी संघ तथा प्रदेश सरकारको वित्तीय समानिकरण अनुदानबाट रु. १२ करोड ५९ लाख १३ हजार र संघीय सशर्त र प्रदेश सरकार शसर्त अनुदानबाट रु. २८ करोड ७३ लाख ५० हजार र शसर्त अन्तर्गत नै स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) मार्फत रु २ करोड ७७ लाख परिचालन गरिनेछ । साथै संघ तथा प्रदेश सरकार समपुरक बाट प्राप्न हुने समपुरक अनुदानबाट रु. ३ करोड ४० लाख परिचालन गर्ने व्यवस्था मिलाएको छु । संघ र प्रदेश सरकारबाट प्राप्त विशेष अनुदान तर्फ रु. १ करोड ३५ लाख परिचालन गर्ने व्यवस्था मिलाएको छु ।

८३. आ.व. २०८२/०८३ मा साझेदार संस्थाहरु नेपाल जनजागरण मञ्च, नेपाल मगर समाज सेवा तथा सूचना केन्द्र, सर्वाङ्गीन विकास केन्द्र, विकास सरोकार समाज, कर्मफ्लाइट्स फाउण्डेशनले संचालन गर्ने विकास कार्यक्रमहरुको विवरण प्राप्त भएको छ ।ती कार्यक्रमहरुलाई गाउँपालिकाको वार्षिक विकास कार्यक्रममा समावेश गरी कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु ।

८४. सभाध्यक्ष महोदय, गाउँसभाका सदस्य ज्यूहरु र पुथा उत्तरगंगा बासी आमाबुवा, दिदीबहिनी तथा दाजुभाईहरु,

८५. आ.व. २०८२/०८३ को वार्षिक बजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्न आ-आफ्नो तर्फबाट सल्लाह एवम् सुझाव व्यक्त गर्नुहुने सम्पूर्ण व्यक्तित्वहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै अहोरात्र खटिई सहयोग गर्नहुने जनप्रतिनिधि र कर्मचारीहरुप्रति आभार व्यक्त गर्दछु ।

८६. हामी पुथा उत्तरगंगा गाउँपालिकाका सर्वाङ्गीन पक्षहरुको समावेशी र समतामुलक विकास निर्माण गरी हाम्रा नागरिकहरुको जिवनस्तरमा गुणात्मक परिवर्तन गर्ने यस सुनौलो अवसरमा उभिएका छौं । मैले आ.व. २०८२।०८३ को बजेटमा ल्याएका कार्यक्रमहरु यहाँका नागरिकका वास्तविक माग र आवश्यक्तामा आधारति रहेका छन् । साथै पुथा उत्तरगंगा गाउँपालिकाको समग्र विकासमा योगदान गर्नु हामी सबैको कर्तव्य भएको व्यहोरा स्मरण गर्दै यस गरिमामय सभामा पेश भएको बजेट तथा कार्यक्रममा समावेश भएका योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा यहाँहरुको रचनात्मक सहयोग रहिरहनेछ भन्ने कुरामा विश्वस्त छु र सदैव सहयोगको अपेक्षा गर्दछु ।

नरपुरा वुढा पुन
गाउँपालिका उपाध्यक्ष एवम् बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक
मिति २०८२ साल असार १० गते मंगलबार

पुथा उत्तरगङ्गा गाउँपालिका